## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/१०/३ गते आइतवार देखि २०६६/१०/७ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४१७१ कारोबारबाट १५ करोड ५८ लाख ३२ हजार रुपैयाँ बराबरका ४ लाख ९३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ०.४५ प्रतिशतले ह्रास आएको हो । गत साता ४०४६ कारोबारबाट १५ करोड ६५ लाख ४० हजार रुपैयाँ बराबरका ३ लाख १३ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ६ करोड १९ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ३९.७७ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १०.७९ अंकले ह्रास भई अन्तिम दिन ५१८.११ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५०३.७२ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७८९.५० | २६०.७८ | ५६९.२३ | ५२६.५१ | ५८५.१२ | ५२८.९० | १२८.९२ | ५०.१८ |
| दोस्रो | ४९७.५१ | ४३८.८२ | ३६६.४९ | ५८१.५९ | ७८७.६६ | २६०.७८ | ५६९.३१ | ५२७.१० | ५८३.३७ | ५२४.१९ | १२७.६५ | ४९.७१ |
| तेस्रो | ४९४.४७ | ४३८.८२ | ३६६.४९ | ५७६.८९ | ८०६.९८ | २६०.७८ | ५७०.५८ | ५२४.९३ | ५८३.५० | ५२२.०५ | १२७.२९ | ४९.५७ |
| चौथो | ४९२.८० | ४३८.८२ | ३६६.४९ | ५७५.७२ | ८०३.४२ | २६०.७८ | ५७१.७३ | ५२२.३४ | ५८१.१२ | ५२०.४२ | १२६.७७ | ४९.४१ |
| पाचौं | ४८९.४५ | ४३८.८२ | ३६६.४९ | ५७५.७२ | ८०३.४२ | २६०.७८ | ५७४.६४ | ५१९.५६ | ५७८.४७ | ५१८.११ | १२६.०४ | ४९.१७ |
| परिवर्तन | -१४.२७ | ०.०० | ०.०० | -११.७४ | १३.९२ | ०.०० | ५.४१ | -६.९५ | -६.६५ | -१०.७९ | -२.८८ | -१.०१ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.८८ अंकले ह्रास भई १२६.०४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१ करोड ६६ लाख रुपैयाँ) तथा कारोवार संख्या (८९८ वटा) को आधारमा भिवोर विकास बैंक र शेयर संख्या ( १ लाख २२ हजार कित्ता ) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | भिबोर विकास वैंक | १६.६० |
| २ | नेशनल हाइड्रो पावर कम्पनी | ११.२९ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ९.९७ |
| ४ | सन्राइज बैंक | ९.९० |
| ५ | सिद्धार्थ डेभलपमेन्ट बैंक | ८.७७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | मध्यमाञ्चल ग्रामिण विकास बैंक | साधारण | १०,००,००० कित्ता |
| २ | पव्लिक डेभलपमेन्ट बैंक | साधारण | १५,००,००० कित्ता |
| ३ | युनिभर्सल फाइनान्स | बोनस | १,२१,६७५ कित्ता |
| ४ | युनिभर्सल फाइनान्स | हकप्रद | ५,८९,९२८ कित्ता |
| ५ | मालिका विकास बैंक | वोनस | १,००,००० कित्ता |
| ६ | मालिका विकास बैंक | हकप्रद | १४,४२,४३० कित्ता |